बैठक संख्या : २२

बनेपा नगर कार्यपालिकाको देहायको विषयहरुमा छलफल गर्न आज मिति २०८० साल जेष्ठ १० गते बुधबार दिनको २:०० बजे नगर प्रमुख शान्तिरत्न शाक्यको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक निम्नानुसारका सदस्यहरुको उपस्थितिमा बसी विभिन्न निर्णयहरु गरियो ।

**-:: उपस्थिति ::-**

| क्र.सं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री शान्तिरत्न शाक्य | उपस्थित |
| २ | उप प्रमुख | श्री विमला सापकोटा | उपस्थित |
| ३ | सदस्य (वडा नं. १) | श्री कमल प्रसाद घिमिरे | उपस्थित |
| ४ | सदस्य (वडा नं. २) | श्री रामप्रसाद घिमिरे | उपस्थित |
| ५ | सदस्य (वडा नं. ३) | श्री रमेश दाहाल | उपस्थित |
| ६ | सदस्य (वडा नं. ४) | श्री श्यामसुन्दर श्रेष्ठ | उपस्थित |
| ७ | सदस्य (वडा नं. ५) | श्री बलराम अधिकारी | उपस्थित |
| ८ | सदस्य (वडा नं. ६) | श्री सचितानन्द के.सीं | उपस्थित |
| ९ | सदस्य (वडा नं. ७) | श्री हिटलर शाक्य | उपस्थित |
| १० | सदस्य (वडा नं. ८) | श्री शुभलक्ष्मी मानन्धर | उपस्थित |
| ११ | सदस्य (वडा नं. ९) | श्री नृपेश वादे | अनुपस्थित |
| १२ | का.वा.सदस्य (वडा नं. १०) | श्री सुशिल थापा | उपस्थित |
| १३ | सदस्य (वडा नं. ११) | श्री शिवकुमार थापा | उपस्थित |
| १४ | सदस्य (वडा नं. १२) | श्री रामवहादुर कुँवर | उपस्थित |
| १५ | सदस्य (वडा नं. १३) | श्री रामलाल दुवाल | उपस्थित |
| १६ | का.वा. सदस्य (वडा नं. १४) | श्री उत्तम के.सी. | उपस्थित |
| १७ | सदस्य | श्री शुभद्रा बजगाँई | उपस्थित |
| १८ | सदस्य | श्री समिता थापा | उपस्थित |
| १९ | सदस्य | श्री ज्योति बोगटी | उपस्थित |
| २० | सदस्य | श्री सरिता कुमारी श्रेष्ठ | उपस्थित |
| २१ | सदस्य | श्री द्रौपदा खत्री क्षेत्री | उपस्थित |
| २२ | सदस्य | श्री बिक्रम भुजेल | उपस्थित |
| २३ | सदस्य | श्री कमला परियार | उपस्थित |
| २४ | सदस्य | श्री रबिन्द्र सुनार | उपस्थित |
| २५ | सचिव | श्री शिवप्रसाद हुमेगाई<br>प्रमुख प्रशासकीय अधिकृत | उपस्थित |

**छलफलका विषयहरूः**

१. नगर सभाको मिति निश्चित गर्ने र तयारी सम्बन्धमा,

२. नगरपालिका संघलाई सदस्यता शुल्क भुक्तानी सम्बन्धमा,

३. एकिकृत खानेपानी संचालन सम्बन्धमा,

४. बसपार्क सञ्चालनको लागि आवश्यक पूर्वाधार तयार गर्ने सम्बन्धमा,

५. Ultranet Communication Pvt. Ltd. द्वारा प्रक्रियमा रहेको ग्रामिण दुरसंचार कोष प्रयोग गरी वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयहरूमा इन्टरनेट जडान गर्न लाग्ने समय थप गर्ने सम्बन्धमा,

६. आ.ब. २०८०/०८१ को लागि वडागत बजेट सिलिङ तोक्ने सम्बन्धमा,

७. नक्सा संसोधनका लागि आएका निर्मित घर ३ तल्ला भित्रको १०० sq. ft. सम्म सामान्य दस्तुर लिई संशोधन गर्ने, १०० sq. ft. भन्दा बढी भएमा संसोधनको प्रक्रिया पुर्याइ संशोधन गरी आएकोलाई स्वीकृती दिने सम्बन्धमा,

८. नगरपालिकाको बहुउद्देश्यीय भवनका डिपिआर तयार गर्दा गर्नु पर्ने Soil test को लागि नपुग रकम भुक्तानी दिने सम्बन्धमा,

९. रेयुकाई आखाँ अस्पतालको लिफ्ट हाल्ने योजना सम्झौता गर्ने सम्बन्धमा,

१०. ईलाका प्रहरी कार्यालयलाई गाडी मर्मत खर्च व्यहोर्ने सम्बन्धमा,

११. नेपाल नगरपालिका संघको भवन निर्माणको लागि आर्थिक सहयोग सम्बन्धमा,

१२. नगर प्रहरीको तलबमान तोक्ने सम्बन्धमा,

१३. विविध।

**-::निर्णय::-**

१. **गत बैठकको निर्णय समीक्षा गरियो ।**

२. **बनेपा नगरपालिकाको आगामी आ.व. २०८०।०८१ को नीति, बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने समेत प्रयोजनका लागि बनेपा नगरपालिकाको नगर सभाको बाह्रौ अधिवेशन बस्नु पर्ने भएकाले प्रस्तुत सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।**

   **क) आगामी आर्थिक वर्ष २०८०।०८१ को नीति, बजेट तथा कार्यक्रम तर्जुमा प्रयोजनका लागि श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिबाट भएको सिफारिस समेतका आधारमा हरेक वडाले रु. १,००,००,०००। (एक करोड) बजेट सिमा भित्र रही विषयगत र क्षेत्रगत कार्यक्रम समेत समावेश हुने गरी कार्यक्रम छनौट गरी मिति २०८० साल जेष्ठ २५ गते भित्रमा नगर कार्यपालिकामा पेश गर्ने व्यवस्था मिलाउने ।**

ख)	नगर क्षेत्रभित्र रहेका संघसंस्थाहरुले आगामी आ.व. २०८०।०८१ मा सम्पन्न गर्ने कार्यक्रमहरु नगरपालिकाको बजेट तथा कार्यक्रम पुस्तिकामा समावेश गर्ने प्रयोजनका लागि सार्वजनिक सूचना मार्फत माग गर्ने ।

ग)	नगरपालिकाका सबै शाखाहरुले शाखागत कार्यक्रमहरुको मस्यौदा तयार गरी मिति २०८० साल जेष्ठ २५ गते भित्र प्रमुख प्रशासकीय अधिकृतज्यू समक्ष प्रस्तुत गर्ने ।

घ)	बनेपा नगरपालिकाको नगर सभाको बाह्रौ अधिवेशन मिति २०८० साल जेष्ठ १० गते आइतबार बिहान ८:०० बजे बनेपा नगरपालिकाको सभाहलमा बस्ने गरी अधिवेशन आह्वान गर्ने ।

३.	नेपाल नगरपालिका संघको मिति २०८०।१।१२ को पत्रबाट सदस्यता शुल्क उपलब्ध गराई दिन भनि लेखी आएको हुँदा सो प्रयोजनका लागि रु. ५०,०००। (पचास हजार) उपलब्ध गराउने निर्णय गरियो ।

४.	काभ्रे उपत्यका एकीकृत खानेपानी बोर्ड प्रणाली अन्तर्गत निर्माण भएको पाइपलाईन सामान्य मर्मत सम्भार गरी बनेपा नगरपालिका क्षेत्रभित्र समेत पानीको आपूर्ति हुने वातावरण तयार हुँदै गरेको अवस्था छ । बोर्डमा हाल मौजुदा जनशक्तिबाट उक्त प्रणाली सञ्चालन हुनसक्ने अवस्था नरहेको र बनेपा नगरपालिकामा पनि सो बमोजिमका जनशक्ति नरहेका कारणले उक्त प्रणालीबाट आपुर्ति हुने पानी वितरण गर्न समस्या परेको छ । बनेपामा पानीको हाहाकार रहेको वर्तमान अवस्थामा उक्त प्रणालीको पानी वितरण गर्न सकेमा स्थानीय उपभोक्ताले राहत पाउन सक्ने अवस्था रहेकोले अर्को व्यवस्था नभएसम्मका लागि देहाय बमाजिम गरी उक्त प्रणालीबाट आपूर्ति हुने पानी वितरणका लागि देहाय बमोजिम गर्ने निर्णय गरियो ।

क)	बोर्ड प्रणालीबाट आपूर्ति हुने र साविकमा नेपाल खानेपानी संस्थानबाट आपूर्ति हुने पानी समेत एकीकृत गरी नेपाल खानेपानी संस्थान, बनेपा शाखाले नै साविकमा रहेका धारा तथा बोर्ड प्रणाली अन्तर्गत वितरण गर्न सकिने धाराहरु समेतबाट पानी वितरणको व्यवस्था मिलाउने ।

ख)	बोर्ड प्रणाली अन्तर्गतको वितरण लाइनबाट नयाँ धारा जडानको कार्य समेत संस्थानले नै गर्ने ।

ग)	हाललाई नयाँ धारा जडान गर्दा लाग्ने जडान शुल्क खानेपानी संस्थानले निर्धारण गरे अनुरुप नै लिने ।

घ)	यस अगावै बोर्ड प्रणाली अन्तर्गत नयाँ धारा जडानको शुल्क बुझाई सकेका उपभोक्ताहरुका हकमा छुट्टै लगत राख्ने र हाललाई जडान शुल्क नलिने ।

ङ)	बोर्ड प्रणाली अन्तर्गत गरिनु पर्ने मर्मत सम्भार, मर्मत सम्भारका लागि लाग्ने उपकरण र नयाँ धारा जडान गर्दा गरिनु पर्ने सम्पूर्ण कार्य संस्थानले नै गर्ने ।

५.	बनेपा नगर क्षेत्रभित्र सुविधा सम्पन्न बसपार्क हुँदा हुँदै पनि अधिकांश बसहरु राजमार्ग दायाँबायाँ रोक्ने गरेका कारण अरनिको राजमार्ग बनेपा नगर क्षेत्रभित्र अस्तव्यवस्तको अवस्था रहेकाले यातायात व्यवस्थापन तथा बसपार्क सञ्चालन गर्ने विषयमा स्थानीय यातायात व्यवसायी संस्थाहरुका प्रतिनिधिहरु समेतको उपस्थितिमा मिति २०८०।२।५ मा भएको बैठकबाट मिति २०८०।२।१० बाट बसपार्क सञ्चालन गर्ने विषयमा विविध निर्णय भई कार्यान्वियन प्रारम्भ भएको हुँदा सो प्रयोजनका लागि बसपार्क क्षेत्रभित्र गरिनु पर्ने सामान्य मर्मत सुधारका लागि तयार भएको ल.ई. बमोजिमको कार्य गर्न र यातायात व्यवस्थापनका लागि आवश्यक पर्ने उपकरण, ट्राफिक बोर्ड तथा प्रचार प्रसारका लागि लाग्ने खर्च उपयुक्त शीर्षकबाट व्यहोर्ने निर्णय गरियो ।

६.	अल्ट्रानेट कम्युनिकेशन प्रा.लि. ले ग्रामीण दुरसञ्चार कोष प्रयोग गरी यस नगरपालिका अन्तर्गतका वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु र विद्यालयहरुमा गरिरहेको इन्टरनेट जडानको कार्य गर्न पाएको म्याद भित्र कार्यसम्पन्न हुन नसकी म्याद थपका लागि माग निवेदन गरेको सम्बन्धमा छलफल हुँदा आवश्यक प्रक्रिया पुरा गरी म्याद समाप्त भएका मितिले मिति २०८० साल असार मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

७. बनेपा नगरपालिका क्षेत्रभित्र बन्ने घरभवनहरुको नगरपालिकाबाट पास भएको नक्सा संसोधनका लागि परेका निवेदन उपर छानबिन गरी कार्वाही हुने क्रममा लाग्ने दण्ड जरिवानामा एकरुपता कायम गर्न आवश्यक देखिएकाले देहाय बमोजिम गर्ने निर्णय गरियो ।

क) स्वीकृत नक्सा भन्दा बढि निर्माण कार्य गरेका घर भवनहरुका हकमा यदि स्वीकृत नक्साको प्लिन्थ एरियाको दश प्रतिशतसम्म थप निर्माण कार्य भएको तर अन्य मापदण्ड पुरा भएका घर भवनका हकमा थप निर्माण कार्यको क्षेत्रफल खुलेको संसोधित नक्सा पेश गरेमा त्यस्तो भवनको निर्माण सम्पन्न प्रमाण पत्र दिने ।

ख) स्वीकृत नक्सा भन्दा बढि निर्माण कार्य गर्नुपर्ने घर भवनहरु मध्ये स्वीकृत नक्साको प्लिन्थ एरियाको दश प्रतिशत भन्दा बढि क्षेत्रफल थप हुने गरी थप निर्माण कार्य गर्नुपर्ने भएमा त्यस्तो भवनको हकमा नयाँ नक्सा पास प्रक्रिया वा तला थप प्रक्रिया पुरा गनुपर्ने ।

८. बनेपा नगरपालिकाको बहुउद्देश्यीय भवन निर्माणका लागि डिपिआर तयार गरिदि नगर विकास कोषमा भएको अनुरोध अनुरुप कार्य हुने क्रममा गरिनु पर्ने माटो परीक्षणका लागि लाग्ने शुल्क यस नगरपालिकाले व्यहोर्न भनि भएको पत्राचारको व्यहोरा अनुमोदन गरी माटो परीक्षणका लागि भएको बिल बमोजिमको खर्च यस नगरपालिकाले उपलब्ध गराउने निर्णय गरियो ।

९. जिल्ला समन्वय समिति, काभ्रेपलाञ्चोकको लागत सहभागितामा रेयुकाई एईको मासुनागा आँखा अस्पताल, बनेपामा जडान गर्न लागिएको लिफ्ट सम्बन्धी योजनाको अनुगमन र मूल्याङ्कन गर्ने जनशक्ति यस नगरपालिकामा नरहेको हुँदा उक्त अस्पतालको अनुरोध बमोजिम काठमाण्डौ विश्व विद्यालयमा रहेका प्राविधिक जनशक्तिबाट उक्त कार्यको अनुगमन र मूल्याङ्कन गर्न सहयोग गर्ने भनि उक्त विश्वविद्यालयबाट सहमती पत्र समेत प्राप्त भएको देखिदा सोही बमोजिम अनुगमन तथा मूल्याङ्कनक गराई रेयुकाई एईको मासुनागा आँखा अस्पताल, बनेपाले नै खर्च गर्ने गरी यस नगरपालिकाले उपलब्ध गराउनु पर्ने रकम अस्पताललाई उपलब्ध गराई उल्लेखित योजना कार्यान्वयनको व्यवस्था मिलाउने निर्णय गरियो ।

१०. इलाका प्रहरी कार्यालय, बनेपाले उक्त कार्यालयको सवारी साधन मर्मत गर्दा लागेको खर्च भुक्तानीका लागि माग निवेदन गरेको सम्बन्धमा छलफल गर्दा प्रस्तुत भएको बिल बमोजिमको रकम रु. १,५२,९८८।५० भुक्तानी दिने निर्णय गरियो ।

११. यस नगरपालिकामा कार्यरत नगर प्रहरीहरुको तलबमा एकरुपता नभएकोले मिति २०८० साल बैशाख १ गतेबाट लागु हुने गरी जनही माशिक रु. २४,०००। माशिक पारिश्रमिक तोक्ने निर्णय गरियो ।

१२. बनेपा नगरपालिकाका क्षेत्रभित्रका सामुदायिक विद्यालय भवनहरु उपभोक्ता समिति मार्फत निर्माण गर्दा जनसहभागिता वापतको रकम आवश्यक नपर्ने निर्णय गरियो ।

१३. क्यान्सर रोगको उपचारका लागि सहयोग माग गरि आवेदन गर्ने तपसिल बमोजिमका व्यक्तिहरुलाई देहाय बमोजिम सहयोग गर्ने निर्णय गरियो ।

| क्र.सं. | निवेदकको नाम | काम | सहयोग रकम | कैफियत |
|---|---|---|---|---|
| १ | का.स. श्री श्याम श्रेष्ठ, बनेपा ७ | पत्नीको अर्वुद रोगको उपचार | ३०,०००। | थप गर्ने |
| २ | का.स. श्री भाष्कर के.सी., बनेपा ६ | स्वयमको उपचार गर्न | १,००,०००। | |
| ३ | ले.पा. श्री सुनिता विष्ट, चण्डेश्वरी मा.वि. नाला | स्वयमको उपचार गर्न | १,००,०००। | |

१४. बनेपा नगरपालिका वडा नं. ४ मा सञ्चालन प्रारम्भ भएको आधारभूत अस्पतालमा हालै सरुवा भई आउनु भएका डा. श्री अर्चना आचार्यलाई निज हाजिर भएकै मितिबाट लागु हुने गरी माशिक रु. ४,०००। का दरले प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

१५. यस नगरपालिकाको भगिनी सम्बन्ध रहेको मित्रराष्ट्र चिनको स्वशासित क्षेत्र तिब्बत स्थित सिगात्से नगरपालिकाको वैदेशिक विभागको पत्रबाट सन २०२३ को जुन १८ र १९ मा सम्पन्न हुने Shigatse Qumolangma Cultural Tourism Festival मा यस नगरपालिकाका तीन जना पदाधिकारीहरुलाई आमन्त्रण गरिएको हुँदा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

क) यस नगरपालिकाबाट देहाय बमोजिमका पदाधिकारीले प्रतिनिधित्व गर्ने:

१. नगर प्रमुख श्री शान्तिरत्न शाक्य

२. उपप्रमुख श्री विमला सापकोटा

३. प्रमुख प्रशासकीय अधिकृत श्री शिवप्रसाद हुमेगाई

ख) उक्त कार्यक्रममा सहभागी हुँदा आयोजकले ब्यहोर्ने बाहेक आतेजाते हवाई टिकट, आवास खर्चका साथै कानून बमोजिम पाउने अन्य सुविधा बनेपा नगरपालिकाले ब्यहोर्ने ।

१६. आमा हाउजिङ एण्ड प्रोपर्टी डिलर प्रा.लि., मध्यपुर ठिमीले बनेपा नगपालिका वडा नं. १३ मा जग्गा विकासका लागि दिएको निवेदन उपर छलफल गर्दा प्रचलित कानून बमोजिम प्रक्रिया पुरा गरी जग्गा विकास योजना स्वीकृत गर्ने निर्णय गरियो ।

१७. बनेपा बाँसडोल सडक निर्माण आयोजनाको निर्माण व्यवसायी आत्रेय/शिवाको/ जे.भी. ले तत्काल कार्य सञ्चालन गर्न इन्धन आपूर्ति गर्न समस्या भएकोले उक्त निर्माण व्यवसायीले पेश गरेको बिल बमोजिमको रकम प्राप्त भएपछि भुक्तानी गर्ने गरी हाललाई एक हजार लिटर डिजेल उपलब्ध गराई दिन भनि माग निवेदन गरेको हुँदा सो बमोजिमको इन्धन उपलब्ध गराई दिन दि मोर्टन पेट्रोल पम्पमा अनुरोध गर्ने ।

१८. बनेपा नगरपालिका वडा नं. ४ मा निर्माण हुने पन्ध्र शैयाको अस्पताल निर्माणका लागि सम्पन्न गर्नुपर्ने डिपिआरको विश्लेषण गर्न एकजना परामर्शदाता नियुक्त गर्ने ।

१९. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत देहाय बमोजिमका योजना थप गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | महेश्वरी सेरा एकीकृत खानेपानी योजना | ४ | |
| २ | खत्री गाउँ रिचार्ज पोखरी निर्माण | ६ | |
| ३ | ढल तथा नाली सफाई | ९ | |
| ४ | ब्याङढुङ्गा कलमसी सडक ड्रेन सरसफाई | १ | |
| ५ | मधुको घरदेखि डाँडाको टावरसम्म कुलो सफाई | १० | |
| ६ | रेन्ज पोष्ट देखि गहिरा टोलसम्म कुलो सफाई | १० | |
| ७ | माथिल्लो सामुदायिक भवन देखि गहिरा टोलसम्म कुलो सफाई | १० | |
| ८ | ठाडोबाटो देखि रामचन्द्र भुजेलको घरसम्म कुलो सफाई | १० | |
| ९ | वडा कार्यालय देखि सेतो पाटीसम्म कुलो तथा नाली सफाई | १० | |

२०. यस नगर कार्यपालिकाको मिति २०८०।१।१५ को बैठकको निर्णय नं. १६ को क्र.सं. (१) र (२) मा उल्लेखित पुण्यमाता नदी कटान नियन्त्रण योजना बनेपा न्युकोलिन क्षेत्रभित्रका एकै स्थानमा पर्ने भएकाले उक्त शीर्षक संसोधन गरी एउटै बनाउने निर्णय गरियो ।

| क्र.सं. | साविकमा स्वीकृत योजना | | | संसोधित नाम र रकम |
|---|---|---|---|---|
| | योजनाको नाम | वडा नं. | रकम | |
| १ | पुण्यमाता नदी कटान नियन्त्रण-खण्ड (क) ज्ञानकुञ्ज विद्यालय पछाडी | ८ | १५,००,०००। | बनेपा न्यु कोलोनी ज्ञानकुञ्ज कलेज पछाडी र गणेश मन्दिर अगाडी पुण्यमाता नदी कटान नियन्त्रण रु. १९,००,०००। |
| २ | पुण्यमाता नदी कटान नियन्त्रण-खण्ड (ख) बनेपा न्यु कोलोनी गणेश मन्दिर अगाडी | ८ | ४,००,०००। | |

२१. बनेपा नगर कार्यपालिकाको मिति २०७९।१२।२२ को बैठकको निर्णय नं ४ को क्र.सं. ११ मा रहेको योजना देहाय बमोजिम संसोधन गर्ने निर्णय गरियो ।

| क्र.सं. | साविकमा स्वीकृत योजना | | | संसोधित नाम र रकम |
|---|---|---|---|---|
| | योजनाको नाम | वडा नं. | रकम | |
| १ | घाट सुधार कार्यक्रम (थाछु घाट) | ८/११ | १०,००,०००। | उग्रश्वर घाट संरक्षण कार्यक्रम, बनेपा ६, रु. १०,००,०००। |

२२. बनेपा नगरपालिकाको चालु आ.व. २०७९।०८० मा स्वीकृत तपसिलका योजना रकमान्तरका लागि सम्बन्धित वडाबाट योजना संसोधनका लागि लेखि आएकाले संसोधन गरी संझौता गर्ने निर्णय गरियो ।

| क्र.सं. | साविकमा स्वीकृत योजना | | | संसोधित नाम र रकम |
|---|---|---|---|---|
| | योजनाको नाम | वडा नं. | रकम | |
| १ | पाकुडोल एकीकृत खानेपानी योजना | ११ | २०,००,०००। | शान्तिपार्क मगरटोल मोटरबाटो स्तरोन्नती, रु. २०,००,०००। |
| २ | बहिरा स्कुल अगाडी पार्क निर्माण, (वडा स्तरीय) | ९ | १,५०,०००। | उद्यान निर्माण, रु. ९,५०,०००। |
| | बौद्ध वृद्धाश्रम अगाडी व्यायामशाला निर्माण(वडा स्तरीय) | | ३,००,०००। | |
| | वडा कार्यालय देखि ध्यानकुटी हुँदै गणेश मन्दिरसम्म फुटपाथ र बगैंचा निर्माण (नगर स्तरीय) | | ५,००,०००। | |
| ३ | ओमशान्ति देखि कुवासम्म बाटो मर्मत, (वडा स्तरीय) | ९ | १,००,०००। | च्वापुखु देखि तीन तापो सम्म वाल निर्माण रु. ३,५०,०००। |
| | च्वापुखु बाटो मर्मत (वडा स्तरीय) | | १,५०,०००। | |
| | तीन तपो वाल निर्माण (वडा स्तरीय) | | १,००,०००। | |

२३. यस नगरपालिकामा कार्यरत स्वास्थ्य तर्फका कर्मचारीहरुले पाउने मासिक पारिश्रमिक नेपाल सरकारबाट निकासा भई आइनसकेकोले पछि सोधभरना हुने गरी देहाय बमोजिमको शीर्षकबाट रकमान्तर गरी तलब भत्ता खर्च गर्ने निर्णय गरियो ।

| क्र.सं. | स्वीकृत बजेट शीर्षक र रकम | रकमान्तर गरिने शीर्षक र रकम | कैफियत |
|---|---|---|---|
| १ | सामाजिक विकास शीर्षक अन्तर्गत स्वास्थ्य शाखा तर्फको रु. ३,००,००,०००। | स्वास्थयतर्फका कर्मचारीको तलब भत्ता रु. ४७,४०,०००। | |